DeKalb County School District

# 2019-20 High Achievers Magnet Program

## योग्यता तथा निरन्तरताका निर्देशिकाहरू

DeKalb County School District ले अभिभावकहरूलाई आफ्नो बच्चाको घरमा अध्ययन अनुभवहरूका साथसाथै विद्यालय क्रियाकलापहरूमा स्वेच्छाले संलग्न हुन दृढतापूर्वक प्रोत्साहन गर्छ।

- **Elementary School कार्यक्रमको योग्यता:** High Achievers Magnet Program का सबै आवेदकहरूको मुख्य विषयहरूमा ग्रेड पोइन्ट औसत (GPA) 3.0 (वा उच्च) हुनुपर्छ। 4 - 6 ग्रेडमा वृद्धि गर्ने DeKalb का विद्यार्थीहरूले विद्यालय वर्ष 2018-2019 मा लिइएको आधाररेखा M.A.P मूल्याङ्कनमा पनि 75 प्रतिशतक (वा उच्च) कूल पठन स्कोर, 75 प्रतिशतक (वा उच्च) कूल गणित स्कोर ल्याउनुपर्छ। DeKalb County School District विद्यालयमा नामांकन नगरिएका सबै विद्यार्थीहरूले विद्यालय वर्ष 2018-2019 मा लिइएको आधाररेखा M.A.P. मूल्याङ्कनमा पनि 75 प्रतिशतक (वा उच्च) कूल पठन स्कोर, 75 प्रतिशतक (वा उच्च) कूल गणित स्कोर ल्याउनुपर्छ।

- **Elementary School कार्यक्रममा निरन्तरताका निर्देशिकाहरू:** उच्च उपलब्धि प्राप्त गर्नका लागि म्याग्नेट कार्यक्रममा नामांकन हुने Elementary का विद्यार्थीहरूले प्रत्येक वर्षको कार्यक्रममा मुख्य विषयहरूमा 3.0 (वा उच्च) ग्रेड पोइन्ट औसत (GPA) कायम राख्नुपर्छ। शैक्षिक कार्यसम्पादन मापदण्ड कायम नराख्ने विद्यार्थीहरूलाई एउटा सेमेस्टरको लागि परीक्षणकालमा राखिने छ। परीक्षा अवधिभर शैक्षिक कार्यसम्पादन मापदण्डभन्दा कम GPA भएको कुनै पनि विद्यार्थीलाई सहायता योजनाहरू उपलब्ध गराइनेछ। अभिभावकहरू सबै सम्मेलनहरूमा उपस्थित हुन आवश्यक छ। दुईवटा लगातारका ग्रेडिङ अवधि वा दुई सेमेस्टरहरू पछि 3.0 GPA नभएका विद्यार्थीहरूले म्याग्नेट कार्यक्रम छोड्नुपर्छ र तिनीहरू आफ्नो गृहमा नामांकन हुनुपर्छ। <u>विद्यालय वर्षको कुनै पनि समयावधिमा विद्यार्थीले प्रोमोसनको मापदण्ड पूरा गर्दैनन् भने, विद्यार्थीलाई म्याग्नेट कार्यक्रमबाट हटाइनेछ र गृह विद्यालयमा फिर्ता पठाइनेछ।</u>

- **मिडल तथा हाइ स्कूल कार्यक्रमको योग्यता:** High Achievers Magnet Program का सबै आवेदकहरूको फल सेमेस्टरको मुख्य विषयहरूमा ग्रेड पोइन्ट औसत (GPA) 3.0 (वा उच्च) हुनुपर्छ। 7 -9 ग्रेडमा वृद्धि गर्ने DeKalb का विद्यार्थीहरूले विद्यालय वर्ष 2018-2019 मा लिइएको आधाररेखा M.A.P मूल्याङ्कनमा पनि 75th प्रतिशतक (वा उच्च) कूल पठन स्कोर, 75th प्रतिशतक (वा उच्च) कूल गणित स्कोर ल्याउनुपर्छ। DeKalb County School District विद्यालयमा नामांकन नगरिएका सबै विद्यार्थीहरूले विद्यालय वर्ष 2018-2019 मा लिइएको आधाररेखा M.A.P. मूल्याङ्कनमा पनि 75 प्रतिशतक (वा उच्च) कूल पठन स्कोर, 75 प्रतिशतक (वा उच्च) कूल गणित स्कोर ल्याउनुपर्छ। हाइ स्कूलको High Achievers Magnet Programs का लागि आवेदन दिने विद्यार्थीहरूले पनि ग्रेड स्तर महत्त्वपूर्ण कोर्सहरू सफलतापूर्वक पूरा गरेको हुनुपर्छ।

- **मिडल तथा हाइ स्कूल कार्यक्रममा निरन्तरताका निर्देशनहरू:** उच्च उपलब्धी प्राप्त गर्नको लागि म्याग्नेट कार्यक्रमहरूमा नामांकन गरिएका मिडल तथा हाइ स्कूलका विद्यार्थीहरूले समग्र संख्यात्मक मुख्य औसत 80, सबै मुख्य विषयहरूमा संख्यात्मक न्यूनतम ग्रेड 71 कायम राख्नुपर्छ <u>र</u> प्रत्येक सेमेस्टरमा प्रोमोसन मापदण्ड पूरा गर्नुपर्छ। शैक्षिक कार्यसम्पादन मापदण्ड कायम नराख्ने विद्यार्थीहरूलाई एउटा सेमेस्टरको लागि परीक्षणकालमा राखिने छ। अभिभावकहरू सबै सम्मेलनहरूमा उपस्थित हुन आवश्यक छ। शैक्षिक कार्यसम्पादन मापदण्ड पूरा नगर्ने कुनै पनि विद्यार्थीको लागि सहायता योजनाहरू उपलब्ध गराइनेछ। समग्र सङ्ख्यात्मक मुख्य औसत 80,

DeKalb County School District

सबै विषयहरूमा सङ्ख्यात्मक ग्रेड 70 कायम नराख्ने र दुईवटा लगातारका सेमेस्टरहरूको लागि प्रत्येक सेमेस्टरको प्रोमोसन मापदण्ड पूरा नगर्ने विद्यार्थीहरूले म्याग्नेट कार्यक्रम छोड्नुपर्छ र आफ्नो गृह विद्यालयमा नामांकन हुनुपर्छ। विद्यालय वर्षको कुनै पनि समयावधिमा विद्यार्थीले प्रोमोसनको मापदण्ड पूरा गर्दैनन् भने, विद्यार्थीलाई म्याग्नेट कार्यक्रमबाट हटाइनेछ र गृह विद्यालयमा फिर्ता पठाइनेछ।

- **लोटरी योग्यतामा सहोदरको प्राथमिकताको निर्देशिका:** अनियमित विद्यार्थी चयन लोटरी प्रक्रियामा सहभागिताको लागि भिन्न समयमा जन्मिएका सहोदरहरूलाई मात्र लिङ्क गरिएको छ।
- **नोट:** आवेदकले म्याग्नेट कार्यक्रम सिट स्थान नियोजन प्रस्ताव अस्वीकार गर्दा, विद्यार्थी अर्को खुला नामांकन 2020 सम्म म्याग्नेट कार्यक्रममा स्थान नियोजनको लागि आवेदन दिन योग्य हुनेछैनन्।
- 2018-2019 विद्यालय वर्षको लागि **आधाररेखा M.A.P. स्कोरहरू** M.A.P. मूल्याङ्कनको पहिलो सञ्चालनबाट लिइएका हुन्।

DeKalb County School District

## 2019-20 Special Interest Magnet Program

### योग्यता तथा निरन्तरताका निर्देशिकाहरू

DeKalb County School District ले दृढतापूर्वक अभिभावकहरूलाई आफ्नो बच्चाको घरमा अध्ययन अनुभवहरूका साथसाथै विद्यालय क्रियाकलापहरूमा स्वेच्छाले संलग्न हुन प्रोत्साहन गर्छ।

- **Elementary School कार्यक्रमको योग्यता:** Special Interest Magnet Program हरूका (जस्तै गणित, विज्ञान, कला प्रदर्शन गर्ने, प्रविधि, आदि) का आवेदकहरू मुख्य विषयहरूमा सेमेस्टर 3.0 (वा उच्च) ग्रेड पोइन्ट औसतमा परेको हुनुपर्छ। प्रि-किन्डरगार्टन र किन्डरगार्टनको विद्यार्थी आवेदकहरूले योग्यता मापदण्ड पूरा गर्नुपर्दैन।
- **Elementary School कार्यक्रममा निरन्तरताका निर्देशिकाहरू:** Special Interest Magnet Program मा नामांकन भएको Elementary को विद्यार्थीले शैक्षिक वर्षभरी नै 3.0 (वा उच्च) GPA कायम राख्नुपर्छ। शैक्षिक कार्यसम्पादन मापदण्ड कायम नराख्ने विद्यार्थीहरूलाई एउटा सेमेस्टरको लागि परीक्षणकालमा राखिन्छ। परीक्षणकालको अवधिभरी 3.0 भन्दा कम GPA भएका विद्यार्थीहरूलाई सहायता योजनाहरू उपलब्ध गराइनेछ। अभिभावकहरू सबै सम्मेलनहरूमा उपस्थित हुन आवश्यक छ। दुईवटा लगातारका ग्रेडिङ अवधि वा दुईवटा सेमेस्टरको अन्तिमसम्म 3.0 GPA कायम नराख्ने विद्यार्थीहरूले म्याग्नेट कार्यक्रमको छोड्नुपर्छ र तिनीहरू आफ्नो गृह विद्यालयमा नामांकन हुनुपर्छ। <u>विद्यालय वर्षको कुनै पनि समयावधिमा विद्यार्थीले प्रोमोसनको मापदण्ड पूरा गर्दैनन् भने, विद्यार्थीलाई म्याग्नेट कार्यक्रमबाट हटाइनेछ र गृह विद्यालयमा फिर्ता पठाइनेछ।</u>
- **मिडल तथा हाइ स्कूल कार्यक्रमको योग्यता:** सबै आवेदकहरू मुख्य विषयहरूमा सेमेस्टर 3.0 (वा उच्च) ग्रेड पोइन्ट औसतमा (GPA) परेको हुनुपर्छ।
- **मिडल तथा हाइ स्कूल कार्यक्रममा निरन्तरताका निर्देशनहरू:** Special Interest Magnet Program हरूमा नामांकन गरिएका मिडल तथा हाइ स्कूलका विद्यार्थीहरूले समग्र संख्यात्मक मुख्य औसत 80, सबै मुख्य विषयहरूमा संख्यात्मक न्यूनतम 71 ग्रेड कायम राख्नुपर्छ र शैक्षिक वर्षभरी नै प्रोमोसन मापदण्ड पूरा गर्नुपर्छ। शैक्षिक कार्यसम्पादन मापदण्ड कायम नराख्ने विद्यार्थीहरूलाई एउटा सेमेस्टरको लागि परीक्षणकालमा राखिने छ। अभिभावकहरू सबै सम्मेलनहरूमा उपस्थित हुन आवश्यक छ। शैक्षिक कार्यसम्पादन मापदण्ड पूरा नगर्ने कुनै पनि विद्यार्थीको लागि सहायता योजनाहरू उपलब्ध गराइनेछ। समग्र सङ्ख्यात्मक मुख्य औसत 80, सबै विषयहरूमा 70 को सङ्ख्यात्मक ग्रेड कायम नराख्ने र दुईवटा लगातारका ग्रेडिङ अवधि वा दुईवटा सेमेस्टरको अन्तिममा प्रोमोसन मापदण्ड पूरा नगर्ने विद्यार्थीहरूले म्याग्नेट कार्यक्रम छोड्नुपर्छ र आफ्नो गृह विद्यालयमा नामांकन हुनुपर्छ। <u>विद्यालय वर्षको कुनै पनि समयावधिमा विद्यार्थीले प्रोमोसनको मापदण्ड पूरा गर्दैनन् भने, विद्यार्थीलाई म्याग्नेट कार्यक्रमबाट हटाइनेछ र गृह विद्यालयमा फिर्ता पठाइनेछ।</u> नोट**:** म्याग्नेट कार्यक्रममा नामांकन भएका विद्यार्थीहरूले म्याग्नेट क्रेडिट वा म्याग्नेट कार्यक्रमको डिप्लोमा सिल प्राप्त गर्न आवश्यक म्याग्नेट वा स्वीकृत कलेज स्तर कोर्सहरू पूरा गर्नुपर्छ।
- **DeKalb School of the Arts कार्यक्रममा निरन्तरताका निर्देशिकाहरू (ग्रेड 8 – 12):** नामांकन गरिएका सबै विद्यार्थीहरूले समग्र संख्यात्मक मुख्य औसत 80, सबै मुख्य विषयहरूमा संख्यात्मक ग्रेड 71 कायम राख्नुपर्छ र शैक्षिक वर्षभरी नै प्रोमोसन मापदण्ड पूरा गर्नुपर्छ। शैक्षिक कार्यसम्पादन मापदण्ड कायम नराख्ने विद्यार्थीहरूलाई एउटा सेमेस्टरको लागि परीक्षणकालमा राखिने छ। अभिभावकहरू सबै सम्मेलनहरूमा

DeKalb County School District

उपस्थित हुन आवश्यक छ। शैक्षिक कार्यसम्पादन मापदण्ड पूरा नगर्ने कुनै पनि विद्यार्थीको लागि सहायता योजनाहरू उपलब्ध गराइनेछ। समग्र सङ्ख्यात्मक औसत 80, सबै विषयहरूमा सङ्ख्यात्मक ग्रेड 70 कायम नराख्ने र दुईवटा लगातारका ग्रेडिङ अवधि वा दुईवटा सेमेस्टरको अन्तिममा प्रोमोसन मापदण्ड पूरा नगर्ने विद्यार्थीहरूले म्याग्नेट कार्यक्रम छोड्नुपर्छ र आफ्नो गृह विद्यालयमा नामांकन हुनुपर्छ। विद्यार्थीहरूले प्रत्येक विद्यालय वर्षमा दुईवटा कार्यसम्पादन क्रेडिटहरू पनि पूरा गर्न आवश्यक हुन्छ। विद्यालय वर्षको कुनै पनि समयावधिमा विद्यार्थीले प्रोमोसनको मापदण्ड पूरा गर्दैनन् भने, विद्यार्थीलाई म्याग्नेट कार्यक्रमबाट हटाइनेछ र गृह विद्यालयमा फिर्ता पठाइनेछ।

- **Arabia Mountain High School कार्यक्रममा जारी गरिएका मार्गदर्शनहरू** – सबै नामांकन गरिएका विद्यार्थीहरूले दैनिक निर्दिष्ट गरिएको पोशाक लगाउनुपर्छ, समुदाय सेवाको 20 घण्टा पूरा गर्नुपर्छ, समग्र संख्यात्मक मुख्य औसत 80, सबै विषयहरूमा संख्यात्मक ग्रेड 71 कायम राख्नुपर्छ र शैक्षिक वर्षभरी नै प्रोमोसन मापदण्ड पूरा गर्नुपर्छ। अग्रजहरूले आफ्नो अध्ययनको मुख्य कार्यक्रमसँग सम्बन्धित विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM) परियोजना पनि पूरा गर्नुपर्छ। विद्यार्थीहरू शैक्षिक प्रतिस्पर्धामा सहभागी हुनुपर्छ र विद्यार्थी सङ्गठनहरू र/वा क्लबहरूमा सहभागी हुनुपर्छ। अभिभावकहरूले प्रत्येक विद्यालय वर्षमा 10 अभिभावकीय संलग्नता सेवा घण्टा पूरा गर्नुपर्छ। शैक्षिक कार्यसम्पादन मापदण्ड कायम नराख्ने विद्यार्थीहरूलाई एउटा सेमेस्टरको लागि परीक्षणकालमा राखिने छ। अभिभावकहरू सबै सम्मेलनहरूमा उपस्थित हुन आवश्यक छ। शैक्षिक कार्यसम्पादन मापदण्ड पूरा नगर्ने कुनै पनि विद्यार्थीको लागि सहायता योजनाहरू उपलब्ध गराइनेछ। समग्र सङ्ख्यात्मक औसत 80, सबै विषयहरूमा सङ्ख्यात्मक ग्रेड 70 कायम नराख्ने र दुईवटा लगातारका ग्रेडिङ अवधि वा दुईवटा सेमेस्टरको अन्तिममा प्रोमोसन मापदण्ड पूरा नगर्ने विद्यार्थीहरूले म्याग्नेट कार्यक्रम छोड्नुपर्छ र आफ्नो गृह विद्यालयमा नामांकन हुनुपर्छ। विद्यार्थीहरूले प्रत्येक विद्यालय वर्षमा दुईवटा कार्यसम्पादन क्रेडिटहरू पनि पूरा गर्न आवश्यक हुन्छ। विद्यालय वर्षको कुनै पनि समयावधिमा विद्यार्थीले प्रोमोसनको मापदण्ड पूरा गर्दैनन् भने, विद्यार्थीलाई म्याग्नेट कार्यक्रमबाट हटाइनेछ र गृह विद्यालयमा फिर्ता पठाइनेछ।
- **लोटरी योग्यतामा सहोदरको प्राथमिकताको निर्देशिका:** अनियमित विद्यार्थी चयन लोटरी प्रक्रियामा सहभागिताको लागि भिन्न समयमा जन्मिएका सहोदरहरूलाई मात्र लिङ्क गरिएको छ। यो निम्नको सिटमा आवेदन दिने आवेदकहरूका लागि लागू हुँदैन
  - DeKalb Elementary School of Arts को ग्रेड 4-7
  - DeKalb School of Arts (ग्रेड 8-12)
  - Arabia Mountain High School – भिन्न समयमा जन्मिएका सहोदरहरूले भिन्न समयमा जन्म भएको सहोदर प्राथमिकताको लागि योग्य हुन एउटै ग्रेड स्तर र एउटै कार्यक्रममा सिटको लागि आवेदन दिनुपर्छ। यसका साथै, दुबै सहोदरहरू प्राथमिकताको लागि योग्य हुन योग्यता मापदण्ड पूरा गरेको हुनुपर्छ।

**नोट:**

- आवेदकले म्याग्नेट कार्यक्रम सिट स्थान नियोजन प्रस्ताव अस्वीकार गर्दा, विद्यार्थी अर्को खुला चयन/लोटरी अवधि (स्प्रिङ 2020) सम्म म्याग्नेट कार्यक्रममा स्थान नियोजनको लागि आवेदन दिन योग्य हुनेछैनन्।
- म्याग्नेट कार्यक्रममा नामांकन भएका विद्यार्थीहरूले म्याग्नेट क्रेडिट वा म्याग्नेट कार्यक्रमको डिप्लोमा सिल प्राप्त गर्न आवश्यक म्याग्नेट वा स्वीकृत कलेज स्तर कोर्सहरू पूरा गर्नुपर्छ।